गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्ष: ५ अंक: ४६ महिना: ४६ असोज २०८३**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असोज महिनामा सम्पादित कार्यक्रम

### बर्थिङ सेन्टरमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई ब्याचमा सञ्चालन गरिएको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ। पहिलो ब्याचको कार्यक्रम मिति २०८३/०६/०७ र ०८ गते बागलुङ जिल्लाका छ स्थानीय तहका नर्सिङ कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो भने दोस्रो ब्याचको कार्यक्रम मिति २०८३/०६/२१ र २२ गते जिल्लामा कार्यरत २५ जना नर्सिङ कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो। दुवै समूहमा सञ्चालन भएका कार्यक्रममा मातृ तथा नवशिशु स्वास्थ्यको वर्तमान अवस्था र चुनौती, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), Indirect Maternal Health Screening, Birth Preparedness and Readiness Placard, ANC-PNC Continuum of Care, प्रसवपश्चात् अत्यधिक रक्तस्राव (PPH), Non-pneumatic Anti-Shock Garment (NASG), Labour Care Guide, PRTP, PAFP तथा PPFP लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो। कार्यक्रमको व्यवस्थापन प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले गर्नुभएको थियो। पहिलो समूहको कार्यक्रममा डा. विजय ओझा, जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे, वरिष्ठ जनस्वास्थ्य निरीक्षक श्री ऋषिराम शर्मा तथा श्री नारायण रिजालले सहजीकरण गर्नुभएको थियो। त्यसैगरी, दोस्रो ब्याचको कार्यक्रममा डा. विजय ओझा, अ.न.नि. श्री प्रियंका विक, जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे तथा श्री नारायण रिजालले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रमका क्रममा सहभागी स्वास्थ्यकर्मीहरू र प्रदेश जनस्वास्थ्य कार्यालयका प्रतिनिधिहरूबीच मातृ तथा नवशिशु स्वास्थ्य सेवामा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक सुधारात्मक कार्ययोजना निर्माण गरिएको थियो।

यस कार्यक्रमले बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै सुरक्षित मातृत्व, गुणस्तरीय प्रसूति सेवा तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरणमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। साथै, मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी जटिलताको समयमै पहिचान, व्यवस्थापन तथा आवश्यक प्रेषण सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।






## क्षयरोगसम्बन्धी पुनर्ताजगी तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा जिल्लाका स्वास्थ्यकर्मीहरूका लागि लक्षित दुईदिने "क्षयरोगसम्बन्धी पुनर्ताजगी तालिम, मिति २०८३ असोज १९ र २० गते सफलतापूर्वक सम्पन्न भएको छ।

समुदायमा लुकेका क्षयरोगका बिरामीहरू समयमै पहिचान गरी उपचारको दायरामा ल्याउने र यस रोगबाट हुने मृत्युदरलाई न्यूनीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालित यस तालिममा जिल्लाका १० वटै स्थानीय तहबाट कुल २० जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख तथा जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माको अध्यक्षतामा भएको कार्यक्रममा जनस्वास्थ्य अधिकृत श्री टीकाराम भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन श्री देवप्रकाश घिमिरेले गर्नुभएको थियो। तालिममा वरिष्ठ क्षयकुष्ठ निरीक्षक श्री देवप्रकाश घिमिरे, बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत श्री रामप्रसाद खनाल र धौलागिरि अस्पतालका ल्याब टेक्निसियन सुजाता थापाले सहजीकरण गर्नुभएको थियो।

तालिमको समापनपछि सहभागी स्वास्थ्यकर्मीहरूले समाजमा लुकेका बिरामीहरूको समयमै खोजी गरी प्रभावकारी उपचार, गुणस्तरीय रेकर्डिङ तथा रिपोर्टिङ गर्न थप सहजता हुने विश्वास व्यक्त गरेका छन्। प्रमुख जनस्वास्थ्य समस्याको रूपमा रहेको क्षयरोगलाई नेपालबाट उन्मुलन गर्दै 'क्षयरोगमुक्त नेपाल बनाउने राष्ट्रिय अभियानमा यो तालिमले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।










## खानेपानी गुणस्तरसम्बन्धी समुदायमा अभिमुखीकरण कार्यक्रम

बागलुङ नगरपालिका-१४ नारायणस्थानमा खानेपानी गुणस्तरसम्बन्धी परिक्षण र समुदायमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। २०८३/०६/१९ गते खानेपानी आयोजनाको नमुना संकलन, २० गते खानेपानीको गुणस्तर परिक्षण र मिति २०८३/०६/२१ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको हो।

उक्त कार्यक्रममा पानिजन्य रोग, सुरक्षित पानीको प्रयोग तथा क्लोरिनेसन विधिको बारेमा जानकारी गराइएको थियो। कार्यक्रमको अध्यक्षता बा.न.पा १४ का वडा अध्यक्ष चक्रबहादुर खड्काले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन नारायणस्थान स्वास्थ्य चौकीका वरिष्ठ जनस्वास्थ्य निरीक्षक ऋषिराम शर्माले गर्नुभएको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका ल्याब टेक्निसियन निरीक्षक डिल्ली प्रसाद आचार्यले खानेपानीको गुणस्तर, पानिको शुरक्षा, परीक्षणको नतिजा विषयमा सहजीकरण गर्नुभएको थियो र नगर अस्पताल पैयूपाटाका डा सफल सापकोटाले प्रदुसित पानिबाट लाग्ने रोगहरुको बारेमा जानकारी गराउनु भएको थियो। सहभागीहरु मध्यबाट नारायणस्थान खानेपानि आयोजनाका अध्यक्ष नारायण श्रेष्ठ द्वारा सुधारका कार्यक्रम गर्ने प्रतिबध्दता सहित मन्तब्य राख्नुभयको थियो। कार्यक्रममा स्वास्थ्यकर्मी तथा खानेपानी आयोजनाका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।









## किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य (ASRH) सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मिति २०८३/०६/२३ र २४ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङमा किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य (ASRH) सम्बन्धी प्रथम ब्याचको दुईदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न स्थानीय तहबाट २० जना सहभागीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अनुशा शर्मा र समिता घिमिरेले गर्नुभएको थियो ।

कार्यक्रममा किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्यको महत्व, वर्तमान अवस्था तथा प्रमुख समस्याहरूको पहिचान, परिवार नियोजन, यौनजन्य संक्रमण तथा एचआईभी/एड्स, सुरक्षित मातृत्व, बालविवाह, लैङ्गिक हिंसा र किशोरकिशोरीमैत्री स्वास्थ्य सेवासम्बन्धी विषयमा विस्तृत छलफल तथा अभिमुखिकरण गरिएको थियो ।

कार्यक्रमलाई प्रभावकारी र सहभागितामूलक बनाउन समूहकार्य, भूमिका निर्वाह (Role Play), विचारमन्थन (Brainstorming), केसमा आधारित छलफल तथा मूल्य र दृष्टिकोण रूपान्तरण (Values Clarification and Attitude Transformation – VCAT)

जस्ता विधिहरूको प्रयोग गरिएको थियो। यी विधिहरूमार्फत सहभागीहरूको ज्ञान, सीप तथा किशोरकिशोरीप्रतिको सकारात्मक दृष्टिकोण अभिवृद्धि गर्ने प्रयास गरिएको थियो।

यस कार्यक्रमले स्थानीय तहमा ASRH सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा सुधार तथा सम्बन्धित निकायहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।










## HMIS, eHMIS/DHIS2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम

नयाँ नियुक्ति भएका, तालिम लिन छुटेका तथा स्वास्थ्य सूचना प्रणालीको डिजिटलाइजेसन प्रक्रियामा संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले परिमार्जित HMIS तथा eHMIS/DHIS2 सम्बन्धी तीनदिने अभिमुखीकरण कार्यक्रम मिति २०८३/०६/२६ देखि २०८३/०६/२८ गतेसम्म बागलुङमा सम्पन्न भएको छ। कार्यक्रममा बागलुङ जिल्लाका १० वटै स्थानीय तहका २२ जना कर्मचारीका साथै जनस्वास्थ्य कार्यालय, बागलुङका कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रमको क्रममा जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक प्रविण शर्माले सहभागीहरूलाई सम्बोधन गर्दै एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System-HMIS) स्वास्थ्य संस्थाबाट प्राप्त स्वास्थ्य सेवा, रोग, जनशक्ति, औषधि तथा विभिन्न स्वास्थ्य कार्यक्रमसम्बन्धी तथ्याङ्कको प्रविष्टि, अभिलेखीकरण, प्रशोधन, विश्लेषण, प्रतिवेदन तथा उपयोग गर्ने महत्वपूर्ण प्रणाली भएको बताउनुभयो। उहाँले एकीकृत HMIS तथा eHMIS/DHIS2 को प्रभावकारी प्रयोगले स्वास्थ्य क्षेत्रको योजना निर्माण, स्रोत परिचालन, अनुगमन, मूल्याङ्कन तथा निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो। कार्यक्रममा

जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्मा र जनस्वास्थ्य निरीक्षक लक्ष्मण ढकालले सहजीकरण गर्नुभएको थियो। तालिममा सहभागी प्रशिक्षार्थीहरूको तर्फबाट संगित थापा मगरले तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई आफ्नो कार्यक्षेत्रमा व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसैगरी, तथ्याङ्क अधिकृत घनश्याम सापकोटा र जनस्वास्थ्य अधिकृत टिकाराम भण्डारीले स्वास्थ्य सूचना प्रणालीको गुणस्तरीय कार्यान्वयन, तथ्याङ्कको शुद्धता तथा समयमै प्रतिवेदन गर्ने अभ्यासको महत्वबारे प्रकाश पार्नुभयो।

यस अभिमुखीकरण कार्यक्रमले स्वास्थ्यकर्मीहरूको HMIS तथा eHMIS/DHIS2 सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्नुका साथै स्वास्थ्य तथ्याङ्कको गुणस्तर सुधार, समयमै प्रतिवेदन तथा तथ्याङ्कमा आधारित योजना निर्माण र निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।








## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा असोज महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

- डेङ्गु लगायत किटजन्य रोग नियन्त्रणको लागि विद्यालय स्तरीय सचेतनामूलक स्वास्थ्य शिक्षा कार्यक्रम गरिएको
- डेङ्गु महामारी नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान गरिएको

### गलकोट नगरपालिका

- गलकोट नगरपालिकाको आयोजनामा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका प्रमुखहरूका लागि विद्यालय लक्षित HPV खोप कार्यक्रम सञ्चालन सम्बन्धी १ दिने अभिमुखीकरण तथा पूर्वतयारी बैठक सम्पन्न गरिएको छ।

- डेङ्गु महामारी नियन्त्रणको लागि सरोकारवाला हरूसँग समन्वय बैठक गरिएको
- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा एवं बैठक
- HPV खोप सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम गरिएको
- HPV खोप अभियान सञ्चालन गरिएको
- बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम गरिएको
- क्षयरोग कार्यक्रम सम्बन्धी कोहट विश्लेषण र योजना तर्जुमा गोष्ठी गरिएको
- क्षयरोग कार्यक्रमको सक्रिय खोजप्रडताल गर्न प्रदेश जनसस्था कार्यालयको समन्वयमा र प्रादेशिक रोग नियन्त्रण केन्द्र पोखराको प्राविधिक सहयोगमा छाती रोग सम्बन्धी एआइ एक्सरे शिविर कार्यक्रम गरिएको
- लागू औषध विरुद्ध सचेतना अभियान गरिएको




- द्रुत प्रतिकार्य समितिको नियमित बैठक तथा द्रुत प्रतिकार्य टोली अध्यावधिक कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिकाको आयोजना तथा सम्बोधन परियोजनासँगको समन्वयमा गलकोट नगरपालिका-८ स्थित शिव माध्यमिक विद्यालयमा कक्षा १० र ११ मा अध्ययनरत विद्यार्थीहरू, वडा नं. ७ स्थित गलकोट इङ्लिस सेकेन्डरी स्कुलमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरू तथा वडा नं. २ स्थित महेन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी रेबिज रोग सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिकाको आयोजना तथा इलाका प्रहरी कार्यालय, हरिचौर र रिघा स्वास्थ्य चौकीसँगको समन्वयमा रत्नलक्ष्मी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या रोकथाम, लागू पदार्थ दुर्व्यसन तथा मनोसामाजिक परामर्श सम्बन्धी बृहत् छलफल तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिकाको आयोजनामा गलकोट नगरपालिका-११, रिघामा बृहत् स्वास्थ्य शिविर सम्पन्न भएको छ।
- गलकोट नगरपालिकाको आयोजना तथा JICA Nepal सँगको सहकार्य र समन्वयमा गलकोट नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरूका लागि MNH (Maternal and Newborn Health) Handbook सम्बन्धी पैरवी तथा शुभारम्भ कार्यक्रम एवम् २ दिने तालिम सम्पन्न भएको छ।

## ढोरपाटन नगरपालिका

- डेङ्गु महामारी नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान
- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा एवं बैठक
- HPV खोप सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम
- HPV खोप अभियान
- क्षयरोग कार्यक्रम सम्बन्धी कोहट विश्लेषण र योजना तर्जुमा गोष्ठी
- MNH कार्यक्रम्को नर्सिङ कर्मचारिहरुको लागि प्रथम त्रैमासिक समीक्षा कार्यक्रम
- स्वास्थ्यकर्मिहरुको लागि PAMS V2 सम्बन्धी २ दिने कार्यक्रम
- RoUSG कार्यक्रम सन्चालन।

## जैमिनि नगरपालिका

- मासिक प्रगति समीक्षा तथा तथ्यांक भेरिफिकेसन/भ्यालिडेसन
- विद्यालय केन्दीत HPV खोप अभियान सञ्चालन - १७५ प्रगति
- गर्भवती का लागि ग्रामिण USG- सर्कुवा र पैयुथन्थाप
- मानसिक रोग तथा आत्महत्या रोकथाम सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम- दमेक र जैदीमा सञ्चालन गरिएको
- LCG orientation- zoom meeting.
- Dengue रोग सचेतना- विद्यालय शिक्षा Rabies awareness school health.सस्कृत मा बि बेलवगर

## निसिखोला गाउँपालिका

- मासिक समीक्षा बैठक सन्चालन ।
- क्षयरोग कार्यक्रम को समिक्षा ।
- HPV खोप र पुर्ण खोप कार्यक्रम को पालिका र वडा स्तरीय खोप समन्वय समितिहरुलाइ अभिमुखिकरण सन्चालन ।
- HPV खोप कार्यक्रम सन्चालन ।
- बिधालय समुदाय स्वास्थ्य शिक्षा ।
- स्वास्थ्य चौकी सन्चालन तथा ब्यवस्थापन समितिलाई अभिमुखिकरण ।

## बडीगाड गाउँपालिका

- स्वास्थ संस्था स्तरीय मासिक समिक्षा बैठक संचालन।
- VIA सिविर संचालन।
- HPV खोप सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम
- HPV खोप अभियान संचालन ।
- विधालय, समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन ।
- ६. स्वास्थ्यकर्मिहरुको लागि PAMS V2 सम्बन्धी तालिम

## काठेखोला गाउँपालिका

- भाद्र महिनाको स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक सम्पन्न
- किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप अभियान कार्यक्रम सम्पन्न गरिएको
- भिमापोखरा स्वास्थ्य चौकीमा क्षयरोग सम्बन्धि स्थलगत अनुशिक्षण (Onsite Coaching) कार्यक्रम सम्पन्न गरीएको

## बरेङ गाउँपालिका

- क्षयरोग कार्यक्रमको पालिका स्तरीय बार्सिक समिक्षा, कोहर्ट विश्लेषण तथा योजना तर्जुमा
- पाठेघरको मुखको क्यान्सर(HPV) विरुद्धको खोप कार्यक्रम सम्बन्धि योजना तर्जुमा तथा खोप कार्यक्रम
- रिक्त पदहरुमा करार मार्फत पदपूर्तिको लागि आवेदन माग
- स्वास्थ्य संस्थाहरुको लागि विद्दुतिय तथा मेडिकल उपकरण वितरण

- क्षयरोगको खोजपडाल कार्यक्रमका लागि पाला र भिमापोखरामा सरोकारवालाहरुको अभिमुखीरकण कार्यक्रम संचालन गरीएको
- पाला स्वास्थ्य चौकीमा क्षयरोगको निदानका लागि AI X-ray द्वारा छाती रोग सम्बन्धी जाँच शिविर संचालन गरिएको
- आमा सुरक्षा कार्यक्रमको सबै स्वास्थ्य संस्थाहरुमा अनुगमन गरीएको
- RUSG कार्यक्रम संचालन गरीएको
- महिला बालबालिका शाखा द्वारा संचालन भएको किशोर किशोरी लक्षित बृहत यौनिकता शिक्षा कार्यक्रममा सहजीकरण गरीएको
- • विद्यालय स्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन

- पालिका स्तरिय मासिक समिक्षा, डाटा भेरिफिकेसन तथा भ्यालिडेसन




## तमानखोला गाँउपालिका

- एकिकृत मासिक समीक्षा बैठक तथा डाटा भेरिफिकेसन।
- क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट बिश्लेषण।
- ३. बिद्यालय तथा समुदाय केन्दृत एच पि भी खोप कार्यक्रम ४. नियमित खोप कार्यक्रमको एकिकृत अनुगमन तथा पृष्ठपोषण ।




## ताराखोला गाउँपालिका

- पालिका स्तरमा स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन, सबै स्वास्थ्य संस्थाहरुमा खोप, वृद्दि अनुगमन, सरसफाई सेसन लगाएत नियमित कार्यक्रमहरु सञ्चालन भैरहेको।
- असोज ८ देखि ११ गते सम्म परेको अविरल पानीको कारण ३ जनाको मृत्यु ४ वटा घर पूर्ण रुपमा क्षति ग्रष्ट र आंसिक तथा समान्य क्षति भएका घर परिवारमा स्वास्थ्य कर्मीहरू परिचालन गरि शारीरिक तथा मानसिक रोगहरूको उपचार गरिएको
- नेपाल माद्यामिक विद्यालयमा विपद् न्युनिकरण तथा पूर्वतयारीको बारेमा अन्तरक्रिया कार्यक्रम गरिएको
- संघीय सरकारको स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत जन स्वास्थ्य अधिकृतको नियमानुसार छनोट गरी नियुक्त गरेको।




## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः असोज ३१, २०८३